बैठक संख्या: १०४ औं

मिति २०८२/०५/१५ गते आइतबार दिउँसो २:०० बजे यस शंखरापुर नगर कार्यपालिकाको कार्यालयको बैठक हलमा नगर प्रमुख श्री रमेश नापितज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति:

| क्र.सं. | नाम/थर | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री रमेश नापित | अध्यक्ष/नगर प्रमुख | ९८४१४६०३८० | |
| २. | श्री समिता श्रेष्ठ | उपाध्यक्ष/उप प्रमुख | ९८४१०९११८० | |
| ३. | श्री बेद नारायण दंगाल | सदस्य/वडा अध्यक्ष, १ नं वडा कार्यालय | ९८४३५२५३३२ | |
| ४. | श्री रन बहादुर थिङ | सदस्य/वडा अध्यक्ष, २ नं वडा कार्यालय | ९८५१०८०४६३ | |
| ५. | श्री सुर्य बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ३ नं वडा कार्यालय | ९८५१२७५८७९ | |
| ६. | श्री सुना बहादुर तामाङ | सदस्य/वडा अध्यक्ष, ४ नं वडा कार्यालय | ९८५१०३२२१३ | |
| ७. | श्री शेर गम्भिर थापा | सदस्य/वडा अध्यक्ष, ५ नं वडा कार्यालय | ९८५१०११६४५ | |
| ८. | श्री राधाकृष्ण श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ६ नं वडा कार्यालय | ९८४१७८६३४५ | |
| ९. | श्री बिष्णु प्रसाद श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ७ नं वडा कार्यालय | ९८४१७३५७२४ | |
| १०. | श्री पोते थिङ | सदस्य/वडा अध्यक्ष, ८ नं वडा कार्यालय | ९८५११५४३०६ | |
| ११. | श्री सहदेव श्रेष्ठ | सदस्य/वडा अध्यक्ष, ९ नं वडा कार्यालय | ९८५१०७४७५० | |
| १२. | श्री मनिषा परियार | कार्यपालिका महिला सदस्य | ९८४८९०९४५४ | |
| १३. | श्री तिउरीमाया वाईबा | कार्यपालिका महिला सदस्य | ९८६०९४७६९६ | |
| १४. | श्री राज्यलक्ष्मी नेमकुल (जोशी) | कार्यपालिका महिला सदस्य | ९८४३१०६०८० | |
| १५. | श्री चन्दा श्रेष्ठ | कार्यपालिका महिला सदस्य | ९८४९५०६६८४ | |
| १६. | श्री उमादेवी कार्की | कार्यपालिका महिला सदस्य | ९८४०१३२५४७ | |
| १७. | श्री रमेश नेपाली | कार्यपालिका दलित सदस्य | ९८६०९९३२३४ | |
| १८. | श्री आनन्द रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४१५३५०४९ | |
| १९. | श्री संजय रम्तेल | कार्यपालिका दलित सदस्य | ९८४९०४५५०५ | |
| २०. | श्री चुरामणि पन्थी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | ९८५१२६४१११ | |

# शंखरापुर नगर कार्यपालिकाको १०४ औं (मिति २०८२/०५/१५) बैठकका

## निर्णयहरु

**निर्णय नं १:** यस नगरपालिकाको मिति २०८२/०४/१४ गते बसेको कार्यपालिकाको १०३ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्बन्धमा अनुसूची १ बमोजिम समीक्षा गरियो।

**निर्णय नं २:** यस नगरपालिकाका तपसिल बमोजिमका सङ्घीय तथा प्रादेशिक समपुरक तथा सशर्त कार्यक्रम/योजनाहरु कार्यान्वयनको लागि तयार भएको लागत अनुमान बमोजिम नपुग हुने रकम नगर समपुरक कोषबाट खर्च गर्ने गरी स्रोत सुनिश्चितता सहित ठेक्का प्रक्रिया अगाडि बढाउन नगर प्रमुखबाट गरिएको निर्णय अनुमोदन गरियो।

तपसिलः

| क.सं. | यो.क्र.सं. | ठे.नं. | योजनाको नाम | संघ/प्रदेशबाट विनियोजित बजेट | नगरपालिकाबाट थप श्रोत सुनिश्चित गर्ने रकम |
|---|---|---|---|---|---|
| १ | प्रदेश समपुरक | ८२-८३/०१ | फेदी बुर्कुमाला बैरमहादेव चियाबगान बृद्दाश्रम घ्याङपाखा झुले सडक | १२०००००० | १८०००००० |
| २ | प्रदेश समपुरक | ८२-८३/०२ | कृष्णभक्त मार्ग | १२०००००० | १८०००००० |
| ३ | संघीय सशर्त | ८२-८३/०३ | वडा नं. १ को कार्यालयदेखि पञ्चपाले हलेदे काभ्रे सडक | ४०००००० | १२००००० |
| ४ | प्रदेश सशर्त | ८२-८३/०४ | मोक्तानटोल लहदनटोल सडक | ४०००००० | १२००००० |
| ५ | संघीय सशर्त | ८२-८३/०५ | धाराभन्ज्याङ भाईटोल खलडाँडा नयाँगाउ करङ सडक | २५००००० | ७४८००० |
| ६ | संघीय सशर्त | ८२-८३/०६ | ढोक्सान द्वारेटोल चौकी भन्ज्याङ सडक (गणेशमानसिंह मार्ग | २५००००० | १०००००० |
| ७ | संघीय सशर्त | ८२-८३/०७ | जंगल शेर्पाटोल काउले सडक | २५००००० | १०००००० |
| ८ | संघीय सशर्त | ८२-८३/०८ | पटाप स्वास्थ्य चौकी लाँकुरीबोट स्वर्णिमपूर सडक | ४०००००० | १२००००० |
| ९ | संघीय सशर्त | ८२-८३/०९ | लाँकुरीबोट घलेगाउँ सडक | २५००००० | ६६७००० |
| १० | संघीय सशर्त | ८२-८३/१० | चौकी भन्ज्याङ गुरुङगाउँ सडक | ४०००००० | १२००००० |
| ११ | संघीय सशर्त | ८२-८३/११ | साँखु बज्रयोगिनी घमुारचोक डाँडा कटरी चौकी भञ्याङ सडक | ४०००००० | १७०९००० |
| १२ | संघीय सशर्त | ८२-८३/१२ | पाङ्ग्रेवास आहालडाँडा सोति हलेदे सडक | ४०००००० | १०६९००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १३ | संघीय सशर्त | ८२-८३/१३ | गुम्बा काफ्लेडाँडा जात्रानाधी सडक | २५००००० | १०६५००० |
| | १४ | प्रदेश सशर्त | ८२-८३/१४ | ढकालटोल खानीडाँडा कृषि सडक | २०००००० | ८५०००० |
| | १५ | संघीय सशर्त | ८२-८३/१५ | काकीचोक भुल्बु मोक्तानटोल सडक | २५००००० | ८१०००००० |
| | १६ | संघीय सशर्त | ८२-८३/१६ | थिङ आहाल भोटेचौर राज दल सडक | ४०००००० | ११९९००० |
| | १७ | संघीय सशर्त | ८२-८३/१७ | बालुवा भञ्याङ स्याल पुण्य गाम बेसि एग्रो फार्म हुँदै सप्त कन्या सडक | २५००००० | ७४१००० |
| | १८ | संघीय सशर्त | ८२-८३/१८ | भगवती मा.बि. भवन निर्माण (परिसरमा पूर्वाधार) | ४०००००० | ११९९००० |
| | १९ | संघीय सशर्त | - | मनमत्ता खोलामा पुल निर्माण, शंखरापुर न.पा. ९ | ५०००००० | ५०००००० |

<u>निर्णय नं ३:</u>

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. ३.३/ना.भौ./२०८१/८२ च.नं. ४४२ मिति २०८१/१२/११ को पत्रानुसार भूउपयोग (दोस्रो संशोधन) नियमावली,२०८१ को नियम ५ को उपनियम (७) मा "भूउपयोग क्षेत्र वर्गीकरण नभएको स्थानीय तहमा कृषियोग्य जग्गाको संरक्षण गर्न स्थानीय भूउपयोग परिषद्ले कार्यान्वयन समितिको सिफारिसमा आफ्नो सिमाना भित्र संवत् २०८२ साल असार मसान्तसम्म चारकिल्ला खुलाई कृषि क्षेत्र तोक्नु पर्नेछ" र नियम १२ को उपनियम (४ख) मा "संवत् २०८२ साल असार मसान्तसम्म वर्गीकरण भएको क्षेत्रको भूउपयोग क्षेत्र नक्सा तथा विवरण अद्यावधिक गरिसक्नु पर्नेछ।" भन्ने व्यवस्था रहेको र उल्लिखित अवधिभित्र तोकिएको कार्य सम्पन्न हुन नसकेमा जग्गा प्रशासनको नियमित कार्य, मुख्यतयाः कित्ताकाट सम्बन्धी कार्य, प्रभावित हुन सक्ने अवस्था रहेकोले हालसम्म उल्लिखित बमोजिमको कार्य सम्पन्न हुन नसकेका स्थानीय तहहरुलाई वि.सं. २०८२ असार मसान्तभित्र सम्पन्न गरिसक्ने गरी काम अगाडि बढाउन स्थानीय तहलाई पत्राचार गर्ने भनिएको। साथै यस नगरपालिकाको वडा नं ७ स्थित नापी कार्यालय साँखुको च.नं. १२० मिति २०८२/०४/२७ को पत्रानुसार भू-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली, २०७९ तथा भूउपयोग (दोस्रो संशोधन) नियमावली,२०८१ को नियम १२ को उपनियम (४ख) मा "संवत् २०८२ साल असार मसान्तसम्म वर्गीकरण भएको क्षेत्रको भूउपयोग क्षेत्र नक्सा तथा विवरण अद्यावधिक गरिसक्नु पर्नेछ।" भन्ने व्यवस्था भएको हुँदा प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेको जग्गाको कित्तागत विवरण सहितको भू-उपयोग क्षैत्र वर्गीकरण नक्सा तयार गर्नुपर्ने र यस नगरपालिकाबाट कित्तागत विवरण सहितको भु-उपयोग क्षेत्र वर्गीकरण गरेको भु-उपयोग नक्सा हालसम्म प्राप्त नभएको कारण कित्ताकाट सम्बन्धी कार्य प्रभावित भईरहेको र कित्तागत विवरण सहितको भू-उपयोग क्षेत्र वर्गीकरण नक्सा तथा विवरण समेत उपलब्ध गराउनु पर्ने भएकोले यस नगरपालिकामा उपलब्ध जनशक्तिबाट उक्त कार्य सम्पन्न गर्न सम्भव नदेखिएको हुँदा भू-उपयोग योजना तथा कित्तागत विवरण तयार गर्न विज्ञको आवश्यकता रहेकोले परामर्शदाता मार्फत कार्य गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

<u>निर्णय नं ४:</u>

यस शंखरापुर नगपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसूची २ बमोजिमको संशोधन गरी पारित गर्ने निर्णय गरियो।

<u>निर्णय नं ५:</u>

यस शंखरापुर नगरपालिकाको उपभोक्ता समिति व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि,२०७५ अनुसूची ३ बमोजिमको संशोधन गरी पारित गर्ने निर्णय गरियो।

| | |
|---|---|
| निर्णय नं ६: | यस नगरपालिकाको विधायन समितिले सिफारिस गरेका देहायका कार्यविधि पारित गर्ने निर्णय गरियो।<br>क. मेगा (MEGA) विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२<br>ख. आ.व. २०८२/८३ को शिक्षा तर्फको कार्यक्रम कार्यान्वयन कार्यविधि |
| निर्णय नं ७: | सङ्घीय मामिला मन्त्रालय तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| निर्णय नं ८: | सङ्घीय सशर्त कार्यक्रममा मंगला देवी सिंह पार्क शीर्षकमा विनियोजित रकम रु ७० ,००,०००/-(अक्षररुपी रु सत्तरी लाख मात्र) बाट बज्रयोगिनी होमडाँडा पार्क भित्र निर्माणाधिन बौद्ध स्तुपा दक्ष कालिगडहरुबाट निर्माण गर्नु पर्ने भएकोले उपभोक्ता समिति मार्फत काम गराउन ८ नं. वडा कार्यालयको च.नं. १४२ मिति २०८२/५/३ को पत्रबाट सिफारिस भई आएकोले पुरातात्विक संरचना उपभोक्ता समिति मार्फत निर्माण गर्दा प्रभावकारी हुने हुँदा यस योजना उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो । |
| निर्णय नं ९: | सङ्घीय सशर्त कार्यक्रममा स्वर्णिमपुर सामुदायिक सिकाई केन्द्र शीर्षकमा रु ४० ,००,०००/-(अक्षररुपी रु चालिस लाख मात्र) र स्वर्णिमपुर वस्ती विकास कार्यक्रम शीर्षकमा रु ४० ,००,०००/-(अक्षररुपी रु चालिस लाख मात्र) विनियोजन भएको रकम जोडेर जम्मा रु ८० ,००,०००/-(अक्षररुपी रु असी लाख मात्र) बाट स्वर्णिमपुर सामुदायिक सिकाई केन्द्रको भवन निर्माण गर्न २ नं. वडा कार्यालयको च.नं. ६० मिति २०८२।४।२० गतेको पत्रबाट सिफारिस भई आएकोले स्थानीय गाउँ भेलाको निर्णय समेतका आधारमा जग्गा एकीन गरी स्वर्णिमपुर सामुदायिक सिकाई केन्द्रको भवन निर्माण गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । |
| निर्णय नं १०: | यस नगरपालिका वडा नं. १ स्थित नाङ्ले प्रहरी चौकीको कम्पाउण्ड जिर्ण भई पूनःनिर्माणको लागि माग भई आएको हुँदा कुल लागतमा यस नगरपालिकाबाट नगर भैपरि कोषबाट रु ५,००,०००/-(अक्षररुपी रु पाँच लाख मात्र) लागत साझेदारीको रुपमा उपलब्ध गराउने गरी कम्पाउण्ड निर्माण गर्न लगाउने निर्णय गरियो । |
| निर्णय नं ११: | नेपाल विद्युत प्राधिकरण, जोरपाटी वितरण केन्द्रको च.नं. ६८ मिति २०८२/५/३ गतेको पत्रबाट साविक लप्सेफेदी २छ कि.नं. १ को सार्वजनिक जग्गा माथि भएको ११ के.भि.एच.टि.एल.टि. को लाईन सार्वजनिक बाटो हुँदै राख्ने गरी स्थानान्तरण गर्नका लागि अनुमानित रकम रु ५,५५,६२९.२१/-(अक्षरुपी रु पाँच लाख पचपन्न हजार छ सय उन्नतीस र पैसा दुई एक मात्र) जम्मा गर्न लेखि आएको हुँदा यस नगरपालिकाको ४ नं. वडा कार्यालयको भवन निर्माण गर्नको लागि उक्त विद्युत लाईन स्थानान्तरण गर्नु पर्ने भएकोले चालु आर्थिक वर्षको ४ नं. वडा भवन निर्माण भवन निर्माण वहुवर्षिय शिर्षकमा विनियोजित रकम रु १ करोडबाट |

| | |
|---|---|
| | नेपाल विद्युत प्राधिकरण, जोरपाटी वितरण केन्द्रलाई रु ५,५५,६२९.२१/-(अक्षरुपी रु पाँच लाख पच्पन्न हजार छ सय उन्नतीस र पैसा दुई एक मात्र) उपलब्ध गराउने निर्णय गरियो । |
| निर्णय नं १२: | नेपाल सरकार शहरी विकास मन्त्रालय शहरी विकास तथा भवन निर्माण विभाग संघीय शहरी विकास तथा भवन निर्माण कार्यालयको प.सं ०८२/०८३ च.नं ९० मिति २०८२/०४/१८ को पत्रानुसार यस शंखरापुर नगरपालिकाको लागि तपसिल बमोजिमका योजना/कार्यक्रमको लागि बजेट विनियोजन भएको हुँदा उक्त योजना/कार्यक्रम कार्यान्वयन देहाय बमोजिम हुने गरी निर्णय गरियो।<br><br>तपसिलः<br><br>Activity code नं ११.४.२२.११५४१ "काठमाडौं जिल्ला शंखरापुर नगरपालिका वडा नं ६ र ७ साँखु सांस्कृतिक बस्ती विकास कार्यक्रम अन्तर्गत पूर्वाधार स्तरोन्नति कार्य" शीर्षकमा रु रु ३,००,००,०००/- (अक्षरुपी रु तीन करोड मात्र) विनियोजन भएको सन्दर्भमा उक्त रकमबाट ६ र ७ मा Flag Stone तथा आवश्यकता अनुसार चोक तथा गल्लीहरुकमा इटा सोलिङ, ब्लक राख्ने कार्य गर्ने।<br><br>Activity code नं ११.४.२२.१४६६५ **"शंखरापुर नगरपालिका धार्मिक पर्यटन परिक्रमा सडक निर्माण काठमाण्डौं"** शीर्षकमा रु ३ करोड विनियोजन भएको सन्दर्भमा उक्त रकमबाट यस नगरपालिका वडा नं ३ स्थित नारायणथान मन्दिर- साम्तेन छ्योलिङ गुम्बा जाने सडक कालोपत्रे/ढलान तथा पक्की नाली निर्माण कार्य गर्ने । |

## अनुसूची १

### शंखरापुर नगर कार्यपालिकाको १०३ औं (मिति २०८२/०४/१४) बैठकका निर्णयहरुको समीक्षा

| निर्णय नं | निर्णयको व्यहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| निर्णय नं ४: | World Newah Organization को च.नं. 150-INV-17 ने.सं ११४५ तछालाथ्व ८ को पत्रानुसार यस नगरपालिकाका उपप्रमुख श्री समिता श्रेष्ठलाई इ.सं 15 – 17 August 2025 Dubai मा आयोजना गरिएको 5th World Newah Convention मा विशेष अतिथिको रुपमा आमन्त्रण गरिएको हुँदा भ्रमण स्वीकर्तिको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ५: | यस नगरपालिकाको आ.व. २०८२/८३ को वार्षिक खरिद योजना तथा गुरुयोजना स्वीकृत गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ६: | सङ्घीय मामिला मन्त्रालय तथा अन्य निकायहरुबाट भएका परिपत्रहरु जानकारी गराइयो। साथै यस नगरपालिकाबाट कार्यान्वयन गर्नुपर्ने भनिएको विषयहरु नियमानुसार कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ७: | यस नगरपालिकाको वडा नं ६ स्थित भाग्योदय क्याम्पसको त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त भाग्योदय क्याम्पस विधान,२०८१ अनुमोदन गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ८: | नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. २०८२/०८३ च.नं. ३ मिति २०८२/०४/२ गतेको पत्रानुसार सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्न स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक-सामाजिक विकासमा प्राप्त उपलब्धिको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि सहयोग र सहजीकरण गर्न विगतमा अभ्यासमा रहेका 'स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि,२०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि,२०७९ को एकीकरण तथा परिमार्जन गरी तयार भएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि,२०८२ आ.व. २०८२/८३ देखि कार्यान्वयन हुने गरी सार्वजनिक गरिएको जानकारी प्राप्त भएको र उल्लेखित कार्यविधिमा भएको व्यवस्थाको दफाबार छलफल गरी तोकिएको अवधि भित्र कार्यसम्पादन गर्न यस नगरपालिकाका सम्बन्धित शाखा/उपशाखा/इकाइ/कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं ९: | यस नगरपालिकाको वडा नं ९ स्थित इन्द्रायणी नगर अस्पतालबाट सञ्चालन भएका तपसिल बमोजिमका थप सेवाहरुलाई स्वास्थ्य बीमामा आवद्ध गरिदिनको लागि स्वास्थ्य बीमा बोर्डलाई सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो।<br>**तपसिलः**<br>१. In-patient department(IPD) अन्तरङ्ग सेवा<br>२. Ultrasound (USG) सेवा<br>३. Lab सेवा विस्तार<br>४. Physiotherapy सेवा | सम्पन्न |

| | |
|---|---|
| | आँखा जाँच सेवा |
| निर्णय नं १०: | यस नगरपालिकामा हेभी इक्युपमेन्ट प्रयोग गरी विभिन्न प्रकारको माटो तथा सम्पन्न चट्टान काट्ने कार्यको दररेट, वासिङ्ग ग्राभेलको दररेट लगायत ढुवानी गर्नुपर्ने निर्माण सामाग्रीको दररेट तपसिल बमोजिम हुने गरी कायम गर्न र अन्य दररेटको हकमा जिल्ला दररेट निर्धारण समिति, काठमाडौंबाट आ.व.२०८२/८३ को लागि स्वीकृत जिल्ला दररेटलाई नै पारित गरी Civil Works, Road Rate Analysis, Water Supply and Irrigation को Rate Analysis गरि प्रयोग गर्ने। |

तपसिलः

१.मेशिन ,औजार तथा उपकरण भाडा दर सम्बन्धी :_मेशिन प्रयोग गरी सडक निर्माण गर्दा वा अन्य कार्य गर्नु पर्दा डोजर, एक्साभेटर ,रोलर ,ग्रेडर आदिको दर सडक विभागबाट कायम गरिएको प्रति घण्टाको भाडादर अनुसार नै कायम गरियो । Website of Heavy Equipment Division – (www.dor.gov.np)

| क्र.सं. | निर्माण सामग्रीहरुको विवरण | एकाई | मु. अ. क .(VAT) बाहेक | | |
|---|---|---|---|---|---|
| | | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १. | Heavy Equipment प्रयोग गरि बिभिन्न प्रकारको माटो तथा चटान काट्ने कार्य | | | | |
| १..१ | मध्यम प्रकारको चटान )MR) काट्ने कार्य | घ.मि. | ५०० | ५०० | ५०० |
| १.२ | कडा प्रकारको चटान) HR) कार्य) Breaker समेत प्रयोग गरेर( | घ.मि. | ७५० | ७५० | ७५० |

नोटः माथि निर्णयमा उल्लेख भएको सबै प्रकारको माटो काट्न कार्यको abbreviation तपशिल उल्लेख गरिएको छ

| |
|---|
| **OS: Ordinary Soil** |
| **HS: Hard Soil** |
| **BMS: Boulder Mixed Soil** |
| **MS: Marshy Soil** |
| **SR: Soft Rock** |
| **MR: Medium Rock** |
| **HR: Hard Rock** |

२.Washing को Gravel को हकमा गत आर्थिक वर्षको दररेट रु ३२.५० per Cuft. कायम गर्ने ।

३.यातायात सुविधा नभएको क्षेत्रमा ज्यामीबाट बोकाई निर्माण सामाग्री ढुवानी दररेटः- निर्माण सामाग्री अनलोड भएको स्थानबाट आयोजना स्थल सम्म ५०० मिटर भन्दा टाढा भएमा बढिमा ५ प्रतिशत रेट थप गरी दररेट कायम गर्ने ।

४. टिमुरको विरुवा २ वर्ष पुरानो २ देखि ३ फिट उचाईको दररेट प्रति बोट रु १२० कायम गर्ने ।

| | | |
|---|---|---|
| | ५. शान्ति पार्क बुद्ध मुर्ति निर्माण कार्यको दररेट अनुसूची ५ बमोमिज गर्ने। | |
| निर्णय नं ११: | यस शंखरापुर नगरपालिकाको नागरिक स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ अनुसूची ४ बमोजिमको संशोधन गरी पारित गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं १२: | यस नगरपालिकाको ४ नं वडा कार्यालयको च.नं. ३६ मिति २०८२/०४/१३ गतेको पत्रानुसार कार्यालयको भवन जिर्ण भएकोले भवन मर्मत, ट्रस निर्माण र रंगरोगन लगायतका काम गर्नका लागि लागत अनुमान बमोजिम कार्य गर्न निर्मित संरचनाको मर्मत संभार शीर्षकबाट खर्च गर्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | कार्यान्वयनको चरणमा |
| निर्णय नं १३: | यस नगरपालिकाको आ.व.२०८२/८३ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरुको अनुसूची ६ बमोजिम त्रैमासिक कार्यान्वयन कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं १४: | यस शंखरापुर नगरपालिकाको जलस्रोत उपभोक्ता तथा मुहान दर्ता कार्यविधि २०८१ को दफा ६ उपदफा ५ मा व्यवस्था भए बमोजिम नगर जलस्रोत समितिको मिति २०८२ श्रावण १४ गतेको सिफारिस बमोजिम यस नगरपालिकाको वडा नं ४ स्थित श्री लप्से वृहत खानेपानी योजना निर्माण उपभोक्ता समिति विधिवत रुपमा दर्ता गरी प्रमाणपत्र प्रदान गर्न सिफारिस गरिएको हुँदा श्री लप्से वृहत खानेपानी योजना निर्माण उपभोक्ता समिति, शंखरापुर — ४ दर्ता गर्ने निर्णय गरियो। | सम्पन्न |
| निर्णय नं १५: | यस नगरपालिकाको वडा नं ९ स्थित इन्द्रायणी नगर अस्पतालबाट सञ्चालन हुने सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि ठेक्का बन्दोबस्ती भई सामग्री आपूर्ति नहुन्जेल सम्मको लागि अत्यावश्यक तपसिल बमोजिमका सामग्रीहरु खरिद गरी व्यवस्थापन गर्ने निर्णय गरियो।<br>**तपसिलः**<br>ल्याबको रिएजेन्ट तथा सामग्री खरिद<br>बीमा सुविधाका लागि आवश्यक औषधि खरिद<br>निशुल्क वितरणका लागि आवश्यक औषधि तथा सर्जिकल्स सामग्री खरिद<br>ल्याब व्यवस्थापनका लागि Immuno-analyzer खरिद | कार्यान्वयनको चरणमा |
| निर्णय नं १६: | यस नगरपालिकाको ९ नं वडा कार्यालयको च.नं. ३१ मिति २०८२/०४/०५ गतेको सिफारिस पत्रानुसार वडा नं ९ अन्तर्गत इन्द्रायणी - कागेश्वरी चक्रपथ सडकको पासीखेल सडक खण्डमा पहिरोका कारण सडक जोखिम अवस्थामा रहेको हुँदा उक्त स्थानमा ४ तथा ६ पाङ्ग्रे गाडी गुड्न रोक लगाइएकोले ९ नं वडा कार्यालय देखि सानागाउँ हुँदै लाकिला भुमेथली, गागलफेदी, भुल्भु, घुमारचोक, कार्की गाउँ, खत्रीपाखा लगायतका कागेश्वरी चक्रपथ सडक खण्डसँग जोडिएका स्थानमा आवतजावत सुचारु गर्न वैकल्पिक सडकको रुपमा बेनडोल, परियार टोल, मगर गाउँ सडकको स्तरोन्नति तथा ग्राभेलिङ्ग गरी यातायात सञ्चालन गर्नका लागि प्राविधिक लागत अनुमान बमोजिम रु १०,००,०००/-(अक्षररुपी रु दश लाख मात्र)बजेट नगर भैपरी कोषबाट खर्च गर्ने गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | कार्यान्वयनको चरणमा |

# अनुसूची २

## शंखरापुर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को संशोधनको लागि

तिन महले

| क्र.सं. | कार्यविधिमा भएको साविक व्यवस्था | कार्यविधिमा कायम हुने हालको व्यवस्था | कार्यविधिमा संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १. | अनुसूची २ इजाजत पत्र दस्तुर - रु.१०,०००, इजाजतपत्र नवीकरण दस्तुर- रु.५०००, इजाजतपत्र नवीकरण थप दस्तुर- रु.५०००, इजाजतपत्र प्रतिलिपी दस्तुर- रु.५०० | इजाजत पत्र दस्तुर, इजाजतपत्र नवीकरण दस्तुर, इजाजतपत्र नवीकरण थप दस्तुर, इजाजतपत्र प्रतिलिपी दस्तुर- आर्थिक ऐन बमोजिम र इजाजतपत्र प्रतिलिपी दस्तुर- रु.५०० | इजाजतपत्र दस्तुर, इजाजतपत्र नवीकरण दस्तुर, इजाजतपत्र नवीकरण थप दस्तुरको लागि आर्थिक ऐन र कार्यविधिबिच तादाम्यता मिलाउनुपर्ने भएकोले |
| २. | अनुसुची-३ इजाजतपत्रको साविक ढाँचा | अनुसुची-३ इजाजतपत्रको हालको ढाँचा | कार्यविधिको व्यवस्था समेत उल्लेख गरी इजाजतपत्रको ढाँचा व्यवस्थित गर्नुपरेकोले |
| ३. | अनुसुची-५ "घ" वर्गको निर्माण व्यवसायको लागि आवश्यक योग्यता १.आर्थिक क्षमता: प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँ पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ । | अनुसुची-५ "घ" वर्गको निर्माण व्यवसायको लागि आवश्यक योग्यता १.आर्थिक क्षमता: प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँ पूँजी देखाई उद्योग विभाग/कम्पनी रजिष्टारको कार्यालय/घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको हुनु पर्नेछ । | थप निकायमा दर्ता रहेका फर्महरुलाई पनि इजाजतपत्रमा सहभागी गर्नुपर्ने भएकाले |
| ४. | द्रष्टव्य: २.माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठिक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ । | द्रष्टव्य: २.माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठिक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियरिङ परिषदमा दर्ता भएको मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनुपर्नेछ । | नेपाल इन्जिनियरिङ परिषद इन्जिनियरहरुको नियमनकारी निकाय भएकोले थप विश्वसनीय बनाउनुपर्ने भएकोले |

# अनुसूची ३

## उपभोक्ता समिति व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि,२०७५
## को संशोधनको लागि

तिन महले

| क्र.सं. | कार्यविधिमा भएको साविक व्यवस्था | कार्यविधिमा कायम हुने हालको व्यवस्था | कार्यविधिमा संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| १. | अनुसूची ८ उपभोक्ता समिति दर्ता प्रमाण पत्रको ढाँचा | अनुसूची ८ उपभोक्ता समिति दर्ता प्रमाण पत्रको ढाँचामा नविकरण सम्बन्धी र पदाधिकारीको विवरणको ढाँचामा संशोधन गरिएको | नविकरण र पदाधिकारीको विवरण सन्दर्भमा परिमार्जन गर्न आवश्यक भएकोले |

अनुसूची ८

(कार्यविधिको दफा २१ सँग सम्बन्धित)

शंखरापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

साँखु, काठमाण्डौं ।

# उपभोक्ता समिति दर्ता प्रमाण पत्र

दर्ता मितिः

दर्ता नम्बरः

श्री........................................

शंखरापुर नगरपालिका।

..............................................................यस नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५(संसोधन सहित) को दफा २१ को प्रावधान अनुसार सोही कार्यविधिको, अनुसुची ८ बमोजिम २०..../...../.... गते यस नगरपालिकामा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

दस्तखतः

नाम, थरः

पदः

## नविकरण विवरण

| नविकरण मिति | दर्ता प्रमाण पत्र बहाल रहने मिति | नविकरण दस्तुर | नविकरण गर्ने पदाधिकारीको दस्खत | रसिद नं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |